दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २५२ | बुटवल | २०८२ भदौं २२ गते, आइतबार | नेपाल संवत ११४५ | Sunday September 07, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

## पूर्व राष्ट्रपतिलाई राजनीतिमा आउन संविभानले रोक्दैन : देउवा

बुटवल । पूर्वराष्ट्रपति र उप-राष्ट्रपतिलाई राजनीतिमा आउन संविधानले नरोक्ने नेपाली कांग्रेस सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले बताएका छन् । विराटनगर विमानस्थलमा पत्रकारहरुसँग कुरा गर्दै उनले यस्तो बताएका हुन् ।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी नेकपा एमालेको राजनीतिमा फर्किएकी छन् । तर, पार्टीले उनको सदस्यता नवीकरण नगर्ने निर्णय गरिसकेको छ । पूर्वउपराष्ट्रपति नन्दबहादुर पुन नेकपा माओवादी केन्द्रको राजनीतिमा आइसकेका छन् ।

पूर्वराष्ट्रपति र उपराष्ट्रपति राजनीतिमा आउँदा संविधानको औचित्य सकिएन भन्ने पत्रकारको प्रश्नमा उनले भने-'वास्तवमा मलाई थाहा छैन धेरै कुराहरु, संविधानमा पाइन्छ भन्या पनि छैन, पाइन्न भनेको पनि छैन ।'

पूर्वराष्ट्रपति र उपराष्ट्रपति पुनः राजनीतिमा फर्किएको बारे सोधिएको प्रश्नमा सभापति देउबाले संविधानले यसबारे कुनै कुरा नबोलेको बताए । कांग्रेस पार्टीको महाधिवेशनको मिति केन्द्रिय समितिले तोक्ने समयमा नै तोक्ने उनको भनाइ छ ।

सभापति शेरबहादुर देउबाले मन्त्रिमण्डल पुनर्गठनको सम्भावना नरहेको स्पष्ट पारे । उनले मन्त्रिमण्डल पुनर्गठन गर्ने बारे कुनै कुरा नभएको पनि बताए ।

देउवाले कांग्रेस-एमाले गठबन्धनको सरकार आगामी २०८४ सालको चुनावसम्म चल्ने दाबी गरे ।

संविधान संशोधन दलहरूको सहमतिमा मात्र सम्भव हुने उनले बताए । दुई-तिहाई बहुमत आवश्यक भएकाले कार्यदलमार्फत् सबै दललाई साथमा लिएर संशोधन प्रक्रिया अघि बढाइने देउवाले जनाए ।

सामाजिक सञ्जालसम्बन्धी विवादबारे उनले सरकारले बन्द गर्न नभई अदालतको निर्णयअनुसार प्रक्रिया अनुसार दर्ता मात्र गराउन खोजेको धारणा राखे ।

## स्क्रब टाइफसबाट पाँच हजारभन्दा बढी संक्रमित

पाल्पा । पाल्पाको रैनादेवी छहरा गाउँपालिका-१, सिद्धेश्वरकी १२ वर्षीया बालिकाको सामान्य ज्वरो भन्ने हेलचेक्र्याइँका कारण ज्यान गुमाउनु परेको छ । ज्वरो आउने, जिउ दुख्ने लक्षण देखिएर ज्वरो कम गर्ने औषधि सेवन गरेर बसेकी उनलाई समस्याले थप गाँजेपछि परिवारले प्राथमिक स्वास्थ्य केन्द्र लैजाँदै गर्दा बाटोमा अचेत भएर मृत्यु भयो ।

अहिले ज्वरो आउने, टाउको दुख्ने, शरीर कमजोर हुने, मांसपेशी दुख्नेजस्ता लक्षण देखिएका बिरामीको संख्या बढ्दै गएको छ । तीमध्ये कतिपयले 'भाइरल ज्वरो होला, ठीक भइहाल्छ' भनेर घरमै बस्ने गरेको पाइन्छ । तर, यी लक्षण देखिएका बेला चिकित्सकलाई नदेखाएर घरमै बस्नु गम्भीर गल्ती हुन सक्ने चेतावनी चिकित्सकहरूले दिएका छन् । अझ खेतबारीमा काम गर्ने, घरमा वस्तुभाउ पाल्ने वा जंगल छेउछाउ बस्ने व्यक्तिमा यस्ता लक्षण देखिएमा स्क्रब टाइफसको सम्भावना प्रबल हुने चिकित्सकको भनाइ छ ।

स्वास्थ्य सेवा विभागअन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडीसीडी) का अनुसार देशभर ५ हजार १७ जनामा स्क्रब टाइफस देखिएको छ । गत पुस महिनादेखि देखिन थालेको स्क्रब टाइफस ७५ जिल्लामा फैलिएको छ । महाशाखाका अनुसार यस वर्ष कैलाली, दाङ, चितवन, कञ्चनपुर, संखुवासभा, धादिङलगायतका जिल्लामा बढी बिरामी भेटिएका छन् । बर्खायाम सुरु भएदेखि बढ्न थालेको स्क्रब टाइफसको संक्रमण गएको एक महिनामा मात्र १ हजार २३७ जनामा देखिइसकेको छ ।

महाशाखाका अनुसार यस वर्ष गत वर्षको तुलनामा अझै बढी बिरामी भएका छन् । गत वर्ष १ हजार ५२ जनामा यो संक्रमण पुष्टि भएको थियो ।

तर, यही कारण कति जनाको ज्यान गयो भन्ने यकिन तथ्यांक सरकारसँग छैन । कति जनाको मृत्यु भयो भनेर राष्ट्रिय तथ्यांकमा राख्ने प्रणाली नबनाइएको इडीसीडीका अधिकारी बताउँछन् । महाशाखाका किटजन्य शाखा प्रमुख डा.गोकर्ण दाहाल स्क्रब टाइफसको समस्या बढ्न थालेपछि सरकारले ५० हजार परीक्षण किट अस्पतालहरूमा पठाएको बताए । '५ हजारभन्दा बढी व्यक्तिमा स्क्रब टाइफस पुष्टि भएपछि परीक्षणको मात्रा बढाएका छौँ । सरकारले ५० हजार किट खरिद गरेर अस्पतालहरूमा पठाएको छ ।'- उनले भने ।

## अहिलेको सरकार बिचौलियाको : प्रचण्ड

बुटवल । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले कांग्रेस-एमाले गठबन्धन सरकार बिचौलिया बनाएको आरोप लगाएका छन् ।

नेपाल उद्योग व्यापार महासंघले पोखराको लेकसाइडमा शनिबार आयोजना गरेको कार्यक्रममा बोल्दै अध्यक्ष प्रचण्डले बिचौलियाको धाक र धम्कीका कारण कांग्रेस-एमाले गठबन्धन सरकार बनेको दाबी गरे ।

'कांग्रेस-एमालेको सरकार उनीहरूको बुद्धिले बनेको होइन, यो दलाल र बिचौलियाको धाक र धम्कीबाट बनेको हो,' उनले भने-'हिजो डरले बनेको, आज पनि डरले बचेको सरकार हो । कांग्रेस-एमालेभित्रका इमानदार साथीहरूले यस्तो सरकारमा बस्नु हुँदैन ।'

सरकारप्रति आक्रामक रूपमा प्रस्तुत भएका प्रचण्डले दलाल र पुँजीवादी प्रवृत्तिको प्रतिनिधित्व सरकारले गरिरहेको जिकिर गरे । उनले भने-'क्रोनी क्यापिटलिजम र दलाल पुँजीवादको प्रतिनिधित्व अहिले कांग्रेस र एमालेले गरिरहेका छन् । हामी त्यसको वैकल्पिक शक्ति हौं ।'

माओवादी आन्दोलन मध्यम वर्गको पक्षमा भएको बताउँदै प्रचण्डले आफू मध्यम वर्गको प्रतिनिधि भएको बताए । उनले भने-'हामी मध्यम वर्गकै प्रतिनिधि हौं । ऋण मिनाह, सहकारी सुधार र तल्लो वर्गको उत्थान हाम्रो प्राथमिकता हो ।'

सहकारीको बचत अपचलन भएको सन्दर्भ कोट्याउँदै अध्यक्ष प्रचण्डले कांग्रेस-एमालेका नेताहरू नै समस्याको जड भएको आरोप लगाए । उनले भने-'शक्तिशाली प्राधिकरणमार्फत् ठगहरूलाई कारबाही गर्न खोज्यौं, तर सरकार ढालियो । त्यसैले त्यो काम अघि बढ्न सकेन ।'

एमाले विधान महाधिवेशन :

# विद्या भण्डारीको सदस्यताको विषय बन्यो पेचिलो

**लुम्बिनी संवाददाता**
*बुटवल*

नेकपा एमालेको जारी विधान महाधिवेशनमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सदस्यता नवीकरण गर्ने कि नगर्ने ? भन्ने विषय पेचिलो बनेको छ । एमालेको सक्रिय राजनीतिमा फर्किसकेकी उनलाई सदस्यता दिन हुँदैन भनेर अध्यक्ष केपी ओलीसहितका नेताहरूले स्पष्ट सन्देश दिइसकेका छन् । तर, केही शीर्ष नेता र प्रतिनिधिले उनलाई सदस्यता प्रदान गरेर पार्टीलाई एक ढिक्का बनाएर लैजानुपर्ने तर्क गरेका छन् ।




समूहगत छलफलमा सहभागी एक नेताकाअनुसार सबै समूहमा विद्याको सदस्यताबारे कुरा उठेको थियो । सबैभन्दा धेरै सुदूरपश्चिमका प्रतिनिधिले विद्यालाई सदस्यता प्रदान गरेर जानुपर्ने बताएको उनको भनाइ छ ।

'सुदूरपश्चिमबाट ४९ जनाले बोलेको थिए । एक जना डोटीका लक्ष्मण मरासिनीले मात्रै पूर्वराष्ट्रपति पार्टी राजनीतिमा आउनुहुँदैन भनेर भने' उनले भने-'उहाँ (विद्या) राजनीतिमा आउनुपर्छ । सदस्यता नवकरण गर्न दिनुपर्छ भनेर झपट रावल र मोती विकहरूले यो विषलाई त्यहाँ महत्त्वका साथ उठाउनुभयो ।'

यता बागमतीमा स्थायी कमिटी सदस्य सीता पौडेल, अरुण पौडेल, सर्मीला कार्की, टंक कार्की, सविता न्यौपाने, काठमाडौँका अध्यक्ष दीपक निरौला, नुवाकोटका नारायण खतिवडा, उद्धव भण्डारी, विदुर खड्का, हरि खड्कालगायतले भण्डारीको सदस्यता नवीकरण गरेर जानुपर्ने बताएको उनको भनाइ छ । यो समूहमा रामेश्वर फुयाल, मदुसूदन पौडेललगायतले पूर्वराष्ट्रपति राजनीतिमा फर्किनुहुँदैन भनेर बताएको उनले बताए ।

सल्लाहकार र आयोजक भनेर विभाजन गरिएको विभागमा विद्या राजनीतिमा फर्किनुपर्छ र फर्किनुहुँदैन भनेर भन्नेको संख्या बराबर जस्तै रहको ति नेताको भनाइ छ । 'यो समूहमा आधा जस्तोले राजनीतिमा उहाँ आउनुपर्छ भन्नु भएछ । आधाले आउनै हुँदैन भन्नुभएछ,' उनले भने-'सो समूहमा १९२ जना हुनुहुन्थ्यो । विनोद ढकाल, कृष्ण दाहालहरूले सदस्यता नवीकरण गरेर राजनीतिमा फर्काउनुपर्छ भन्नु भयो ।'

जनसम्पर्क प्रवास तथा जनसंगठनको समूहमा लेखा आयोगका सचिव विष्णुबहादुर राउतले भण्डारीको सदस्यता नवीकरण गर्नुपर्ने बताए । यो समूहको नेतृत्त्व गरेका लालबाबु पण्डितले विद्याको पक्षमा बोल्ने नेताहरूलाई लिखित दिन आग्रह गरेपछि केही नेताले लिखित पनि सुझाव दिएको उनको भनाइ छ ।

कोसी प्रदेशको समूहमा ३०० जना प्रतिनिधि सदस्य रहे पनि ४८ जनामात्रै समूहगत छलफलमा बोलेका थिए । ती मध्ये तारा राई, युवराज बाँस्कोटा, झापाका अध्यक्ष प्रेम गिरीलगायतले विद्याको सदस्यता नवीकरण गर्नेमा जोड दिएका थिए । त्यस्तै राजकुमार ओझा, विमला दाहाल घिमिरेसहितले भने नवीकरण गर्न नहुनेमा जोड दिए ।

गण्डकीको समूहमा नेता खगराज अधिकारीले पूर्वराष्ट्रपति, उपराष्ट्रपतिलाई राजनीतिमा फर्किन नदिने विषय विधानमै लेख्नुपर्ने बताएको उनको भनाइ छ । त्यस्तै मधेसको समूहमा २२ जनाले मात्रै बोलेको र अरविन्द सिंह, पुरुषोत्तम पौडेलसहितले भण्डारी पार्टी राजनीतिमा फर्किनुपर्छ भने पनि अन्य केहीले फर्किन नहुने बताएका थिए भने केहीले स्थानीय मुद्दा केन्द्रित विषय राखेका थिए ।

लुम्बिनीको समूहमा रोल्पाका पूर्वअध्यक्ष शान्तराज ओलीले भण्डारीलाई पार्टी राजनीतिमा आउन दिनुपर्ने बताए । बर्दियाकी विमला विकले भने सम्मानीत पदमा पुगिसकेको व्यक्ति फेरि पार्टी राजनीतिमा आउन नहुने बताइन् । 'यो समूहका धेरै नेताले आउन पर्छ र पर्दैन भनेर बोलेनन्,' ती नेताले भने-'यहाँ अन्तिम समयसम्म पनि उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेलले दबाब दिएका थिए ।'

नेकपा एमालेका विधान महाधिवेशनमा संघ प्रदेश र स्थानीय तहको चुनावको विषय समेत उठेको छ । पार्टीको विधानबारे भएको छलफलमा केही प्रतिनिधिले संविधान संशोधन र आम चुनावको विषय समेत उठाएका हुन् ।

ललितपुरको गोदावरीमा जारी विधान महाधिवेशनमा आफ्नो धारणा राख्ने क्रममा बागमती प्रदेशको समूहगत छलफलमा नेता बद्री मैनालीले तीन तहको चुनाव एकैपटक गर्नेगरी पहल लिनुपर्ने प्रस्ताव राखेका हुन् ।

एमालेको बिधान भन्दा फरक विषय भन्दै उनले यो विषय उठाए । 'संविधान र विधान कुनै बाइबल र कुरान वा धर्मशास्त्र होइन । तीन वटै तहको निर्वाचन बैशाखमै गर्नेगरी कानुनी प्रबन्ध गर्न पार्टीले पहल लिनुपर्छ,' नेता मैनालीले सुझाव दिए ।

एमाले हाल सरकारको नेतृत्वमा छ । यो बेला पार्टीले पहल लिएर तिनै तहको निर्वाचन एकैपटक गर्न सके खर्चको हिसाबले समेत उपयुक्त हुने उनले बताए ।

एमालेले विधान महाधिवेशनका प्रतिनिधिहरुलाई १० वटा समुहमा बिभाजन गरेको छ । कोशी,मधेस, बागमती, गण्डकी,लुम्बिनी, कर्णाली, सुदुरपश्चिम,जनसंगठन/ उपत्यका समन्वय/ प्रवास, केन्द्रिय निकाय र आयोजक समूह बनाइएको छ ।

शनिवार समुहगत छलफल सकिएको छ । आइतबार समूहगत छलफलमा उठेका विषयमा समूहका नेताले एकीकृत रुपमा राख्नेछन् । त्यसलाई समेत सम्बोधन गरेर प्रस्तुत प्रतिवेदन पारित गर्दै विधान महाधिवेशन सकिनेछ ।

## कर्ण थापाको फरक मत पेश गर्न रोक

बुटवल । एमालेको विधान महाधिवेशनमा स्थायी कमिटी सदस्य कर्ण थापाको फरक मत पेस गर्न अध्यक्ष केपी शर्मा ओलीले रोक लगाएका छन् ।

महाधिवेशनको हलमा उनले पेस गर्न चाहेका थिए । तर, अध्यक्ष ओलीले हलमा पेश गर्नु पर्दैन समूहमा जानुस् भन्दै रोकेका छन् । विद्यादेवी भण्डारीको पक्षबाट थापाले फरक मत पेश गर्ने तयारी गरेका थिए ।

अध्यक्ष ओलीले प्रतिनवेदनहरूमाथि १० समूहमा छलफल भइरहेकोले त्यही कुरा गर्नुस् भनेका छन् । थापाको प्रतिवेदन महाधिवेशन प्रतिनिधिहरुलाई बाँडिएको छ ।

एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले अब थापाको मतबारे महाधिवेशनको हलमा कुरा नहुने समूहमा कुरा राख्न सक्ने बताए । 'उहाँलाई समूहमा कुरा राख्नुहोस् भनिएको छ । छलफलमा रोक लगाइएको छैन ।'- गौतमले भने ।

थापाले विद्यादेवी भण्डारीको सदस्यता रोक्ने, ७० वर्षे उमेर हद हटाउनेलगायतका प्रवाधानमा फरक मत राखेका छन् ।

## भारतका प्रधानन्यायाधीशले गरे लुम्बिनी भ्रमण



बुटवल । भारतका प्रधानन्यायाधीश भूषण रामकृष्ण गवईले बुद्ध जन्मस्थल लुम्बिनीको भ्रमण गरेका छन् । न्यायपालिकाको सर्वोच्च जिम्मेवारी सम्हालेपछि उनको यो पहिलो नेपाल यात्रा हो । गबईले लुम्बिनी आगमनलाई विशेष आध्यात्मिक अवसरका रूपमा लिएको बताएका छन् ।

शनिबार बिहान लुम्बिनी प्रवेश गरेका गबईलाई लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामा (खेन्पो छिमे छिरिङ), सदस्य-सचिव सानुराजा शाक्य, कार्यकारी सदस्य श्याम रोक्का, वरिष्ठ प्रशासन प्रमुख ज्ञानिन राईसहित कोषका अधिकारी तथा कर्मचारीहरूले स्वागत गरेका थिए ।

भ्रमणका क्रममा गबईले लुम्बिनी क्षेत्रको ऐतिहासिक तथा धार्मिक महत्वबारे जानकारी लिएका थिए । उनले मायादेवी मन्दिर परिसरमा पुगेर बुद्ध जन्मस्थल अवलोकन गर्दै शुत्रपाठ गरेका थिए । साथै, विश्व शान्ति, मानव कल्याण, नेपालको प्रगति र भारत-नेपालबिचको मैत्रीपूर्ण सम्बन्ध अझ प्रगाढ होस् भन्ने कामना गर्दै दियो प्रज्ज्वलनसमेत गरेका थिए ।

लुम्बिनी भ्रमणपछि गबईले लुम्बिनी विकास कोषका पदाधिकारीहरूसँग गुरुयोजना र हाल सञ्चालनमा रहेका विकास-निर्माणका गतिविधिबारे चासो देखाएका थिए ।

उनले लुम्बिनीलाई अन्तर्राष्ट्रिय स्तरमा थप प्रचार-प्रसार गर्न नेपालले गरेको प्रयासको प्रशंसा गर्दै यस क्षेत्रमा भारतको सहकार्य निरन्तर रहने विश्वास पनि व्यक्त गरेका थिए भने प्रधान न्यायाधीश गवईलाई उपाध्यक्ष डा. लामाले बुद्धको मूर्ति उपहार प्रदान गरेका थिए ।

प्रधानन्यायाधीश गबई नेपालमा आयोजना हुने 'नेपाल-इन्डिया जुडिसियल डाइलग' कार्यक्रममा सहभागी हुन आएको अवसरमा लुम्बिनी पुगेका हुन् । उक्त कार्यक्रममा नेपाल र भारतका न्यायाधीश तथा विधिवेत्ताबिच आपसी अनुभव आदान-प्रदान, न्याय क्षेत्रका चुनौती तथा सम्भावनाबारे छलफल गरिएको थियो ।

प्रधानन्यायाधीश गबईको यस भ्रमणले लुम्बिनीमार्फत् नेपालको पर्यटन, सांस्कृतिक र धार्मिक महत्व अझै उच्च स्तरमा पुग्ने विश्वास लुम्बिनी विकास कोषले व्यक्त गरेको छ ।



# सम्पादकीय

## सरकारको उल्टो बाटो

नेपालमा सामाजिक सञ्जालको व्यापक प्रयोग भइरहेका बेला सरकारले फेसबुक, युट्युब, व्हाट्सएपलगायतका २६ वटा प्लेटफर्महरूलाई बन्द गर्ने निर्णय गरेपछि देशव्यापी रूपमा बहस र आलोचना सुरु भएको छ। सरकारले यस कदमलाई सामाजिक सञ्जालको दुरुपयोग नियन्त्रण गर्ने र कानुनी दायरामा ल्याउने प्रयास भनेको छ। तर, कतिपयले यसलाई नागरिकको अभिव्यक्ति स्वतन्त्रता माथिको प्रहार र लोकतन्त्रको मूल्य-मान्यताविरुद्धको कदम भनेका छन्। संसार प्रविधिको युगमा तीव्र गतिमा अघि बढिरहेको बेला नेपाल भने उल्टो बाटोमा हिंड्दैछ भन्ने आरोप लागेको छ। यस कदमको विरुद्धमा सत्ता पक्षकै शीर्ष नेताहरूको समेत विरोधको आवाज सुनिना थालिएको छ। आजको युग प्रविधिको युग हो र सामाजिक सञ्जाल हरेक व्यक्तिको अति आवश्यकताको वस्तु बनेको छ। यस सन्दर्भमा सरकारले पर्याप्त गृहकार्य नगरी यसलाई बन्द गर्नु अपरिपक्व निर्णय साबित हुने निश्चित छ। सामाजिक सञ्जाल दर्ता प्रक्रियामा आउनुपर्छ, कर तिर्नुपर्छ भन्नेमा दुईमत छैन, तर यसको लागि सरकारसँग अरू विकल्पहरू, पहल र छनौट हुनुपर्ने थियो, जसलाई सरकारको सफलता मानिन्थ्यो। यसरी एक्कासी बन्द गर्नुलाई सरकारकै कूटनीतिक असफलता मानिएको छ।

नेपाल सरकारले 'सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०' जारी गरी सबै सामाजिक सञ्जाल प्लेटफर्महरूलाई नेपालमा दर्ता हुन अनिवार्य गरेपछि यो विवाद सुरु भएको हो। सरकारको मुख्य उद्देश्य सामाजिक सञ्जालमा हुने गैरकानुनी, अनैतिक र अफवाहजन्य गतिविधिहरूलाई नियन्त्रणमा राख्नु हो। सरकारले दिएको समय सीमा भित्र फेसबुक, युट्युब, एक्स (ट्विटर), इन्स्टाग्राम जस्ता ठूला अन्तर्राष्ट्रिय प्लेटफर्महरूले नेपालमा आफ्नो सम्पर्क कार्यालय वा आधिकारिक प्रतिनिधि तोकेर दर्ता प्रक्रिया पूरा गर्न मानेनन्। यसले गर्दा सरकारलाई नियमन गर्न र साइबर अपराधका घटना माथि अनुगमन तथा कारबाही गर्न ठूलो चुनौती भएको थियो। सामाजिक सञ्जालमा हुने अफवाह, घृणायुक्त भाषण र मानहानीका घटनाहरूलाई नियमन गर्न कानुनी दायरा भित्र ल्याउनु सरकारको प्राथमिक लक्ष्य थियो। सरकारले यो कदम चाल्नुको अर्को प्रमुख कारण सर्वोच्च अदालतको आदेश पनि हो। अदालतले सामाजिक सञ्जाललाई व्यवस्थित गर्न र दुरुपयोग रोक्नका लागि आवश्यक कानुनी संरचना बनाउन सरकारलाई निर्देशन दिएको थियो। यस आदेशलाई आधार बनाएर सरकारले आफ्नो निर्णयलाई वैधता दिएको छ। सरकारको तर्क छ कि दर्ता नभएका प्लेटफर्महरूले नेपालको कानुन र नियमलाई पालना गर्नु पर्दैन, जसले गर्दा देशको सार्वभौमिकता र नागरिकको सुरक्षा माथि प्रश्न उठेको छ। सरकारका अनुसार, दर्ताले प्लेटफर्महरूलाई नेपालको न्यायिक प्रणालीप्रति उत्तरदायी बनाउनेछ र आपत्तिजनक सामग्रीलाई तत्काल हटाउन मद्दत गर्नेछ।

सरकारको यो निर्णयले नेपाली समाजमा अभिव्यक्ति स्वतन्त्रता र नागरिकको सूचनाको हक माथि ठूलो बहस निम्त्याएको छ। आलोचकहरूका अनुसार, सरकारले यो कदम नागरिकको विचार व्यक्त गर्ने स्वतन्त्रता माथि सिधै प्रहार हो। सामाजिक सञ्जाल अहिले धेरैका लागि आफ्नो विचार, असहमति र आवाज बुलन्द गर्ने सबैभन्दा प्रभावकारी माध्यम बनेको छ। सरकारले यसलाई बन्द गर्दा लोकतन्त्रको एक महत्वपूर्ण आधारलाई कमजोर बनाउने र नागरिकलाई मौन बनाउने प्रयास गरेको आरोप लागेको छ। यो निर्णयले आम मानिसलाई सूचनाको प्रवाहबाट वञ्चित गर्नेछ, जुन आधुनिक समाजमा नागरिकको मौलिक अधिकार हो। यसका साथै, आलोचकहरूले सरकारले यो निर्णय गर्नु अघि पर्याप्त गृहकार्य नगरेको र ठूला अन्तर्राष्ट्रिय कम्पनीहरूसँग कूटनीतिक पहल नगरी हतारमा कदम चालेको तर्क गरेका छन्। दर्ता प्रक्रियाको जटिलता र अस्पष्टताका कारण पनि कम्पनीहरूले यसलाई बेवास्ता गरेको हुन सक्छ। यसले नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र डिजिटल क्षेत्रमा लगानीको वातावरणमा नकारात्मक असर पर्न सक्छ। यो निर्णयले नेपालमा डिजिटल व्यापार र प्रविधिको विकासलाई बाधा पुर्‍याउने जोखिम पनि छ। सामाजिक सञ्जाल बन्द हुँदा सर्वसाधारणको सञ्चारमा गम्भीर बाधा पुग्नेछ। अहिले नेपालका लाखौ युवा रोजगारीका लागि विदेशमा छन् र उनीहरू घर परिवारसँग कुरा गर्न व्हाट्सएप, फेसबुक मेसेन्जर जस्ता माध्यममा निर्भर छन्। दसैं, तिहार जस्ता ठूला चाडपर्वको मुखमा यस्तो प्रतिबन्ध लगाउँदा विदेशमा रहेका नेपाली र उनीहरूका परिवार बीचको सञ्चारमा ठूलो समस्या उत्पन्न हुनेछ, जसले गर्दा मानसिक र भावनात्मक दबाब बढ्नेछ। यो निर्णयले सामाजिक सम्बन्ध र पारिवारिक एकता माथि नकारात्मक प्रभाव पार्नेछ।

विद्यार्थीहरूले पनि यस निर्णयको नकारात्मक असर भोगिरहेका छन्। आधुनिक शिक्षामा सामाजिक सञ्जालले शैक्षिक सामग्री, समूह छलफल र अनुसन्धानका लागि महत्वपूर्ण भूमिका खेल्छ। विद्यार्थीहरूले विश्वभरका ज्ञान र सूचनाहरू प्राप्त गर्न सामाजिक सञ्जालको प्रयोग गर्थे। अब यो माध्यम बन्द हुँदा उनीहरूको ज्ञानको स्रोत सीमित भएको छ र अध्ययनमा बाधा पुगेको छ। यसैगरी, धेरै कार्यालयका कामहरू र सूचनाहरू सामाजिक सञ्जालका समूहहरूमा आदान-प्रदान हुने गर्छन्। यसको बन्दले कार्यालयको काममा सहजता घटेको छ र कामकाजमा ढिलाइ भएको छ। सामाजिक सञ्जालको प्रतिबन्धले साना तथा मझौला व्यवसायीहरूलाई सबै भन्दा ठूलो आर्थिक धक्का दिएको छ। ठूलो लगानी गर्न नसक्ने धेरै व्यवसायीहरूले आफ्नो उत्पादन र सेवाहरू बिक्री गर्न फेसबुक, इन्स्टाग्राम जस्ता प्लेटफर्ममा निर्भर थिए। अब यो माध्यम बन्द हुँदा उनीहरूको व्यवसाय लगभग चौपट भएको छ र यसले धेरैको जीविकोपार्जन माथि गम्भीर संकट ल्याएको छ। यस प्रतिबन्धले नेपालको डिजिटल बजारको विकासलाई ठूलो धक्का दिएको छ, जुन देशको आर्थिक विकासका लागि महत्वपूर्ण थियो। यसका साथै, सामाजिक सञ्जाल विज्ञापन र मार्केटिङको सबैभन्दा प्रभावकारी र सस्तो माध्यम बनेको थियो। साना र ठूला दुवै कम्पनीहरूले आफ्ना ग्राहकहरू सम्म पुग्न यसको प्रयोग गर्थे। अब यो बन्द भएपछि व्यवसायहरूले परम्परागत र महँगा विज्ञापनका माध्यमहरूमा फर्कनुपर्ने बाध्यता आएको छ, जसले गर्दा उनीहरूको लागत बढेको छ र नाफामा कमी आएको छ। धेरै युवा उद्यमीहरू जसले सामाजिक सञ्जाल मार्फत् आफ्नो व्यवसाय सुरु गरेका थिए, उनीहरूका लागि यो निर्णय ठूलो चुनौती बनेको छ। यसबाहेक, लिङ्डइन जस्तो प्लेटफर्म रोजगारदाता र रोजगारीको खोजीमा रहेका व्यक्तिहरूलाई जोड्ने एउटा भरपर्दो माध्यम बनेको थियो। अब यो बन्द हुँदा दुवै पक्षलाई ठूलो अन्योल र समस्या उत्पन्न हुनेछ। रोजगार खोज्नेहरूले नयाँ अवसरहरू पाउन कठिन हुनेछ भने कम्पनीहरूलाई पनि योग्य कर्मचारीहरू खोज्नमा ठूलो चुनौती आउनेछ। यसरी, व्यावसायिक सम्बन्ध र रोजगारीको लागि बनेको एक महत्त्वपूर्ण पुल भत्किँदा नेपालको श्रम बजारमा गम्भीर असर पर्ने देखिन्छ।

सरकारले सामाजिक सञ्जाललाई प्रतिबन्ध लगाउने जस्तो कठोर कदम चाल्नुअघि यसको सही सदुपयोगसम्बन्धी सचेतना अभियानमा पर्याप्त ध्यान दिएको देखिँदैन। नेपाल सरकारले विद्यालयका पाठ्यक्रमहरूमा डिजिटल साक्षरता, साइबर सुरक्षा र सामाजिक सञ्जालको जिम्मेवार प्रयोगबारे के कति समावेश गरेको छ, त्यो पर्याप्त छ वा छैन भन्ने बहसको विषय हो। यद्यपि, हालको पाठ्यक्रममा यस विषयमा पर्याप्त गृहकार्य र अध्ययन सामग्रीहरू राखिएका छैनन्, जसले गर्दा नागरिकहरूमा डिजिटल साक्षरताको कमी छ। सरकारले डिजिटल साक्षरता अभिवृद्धि गर्न र यससम्बन्धी अभियान चलाउनुको सट्टा सीधै दमनकारी नीति लिएको छ, जुन अत्यन्तै अपरिपक्व देखिन्छ। सामाजिक सञ्जालको दुरुपयोग नियन्त्रण गर्ने उत्तम उपाय भनेको नागरिकलाई यसको सही र गलत प्रयोगबारे शिक्षित गर्नु हो। सरकारले साइबर सुरक्षामा लगानी गर्ने, साइबर अपराध अनुसन्धानका लागि दक्ष जनशक्ति र प्रविधि विकास गर्ने र सामाजिक सञ्जालको प्रयोगबारे देशव्यापी सचेतना अभियान चलाउने जस्ता रचनात्मक कार्यमा ध्यान दिनुपर्थ्यो। तर, यी सबै विकल्पहरूलाई बेवास्ता गरेर सरकारले सहज तरिका प्रतिबन्ध रोजेको छ, जुन दीर्घकालका लागि हानिकारक साबित हुन सक्छ।

सरकारले दर्ता प्रक्रियालाई कडाइका साथ कार्यान्वयन गर्न खोजे पनि यसको तरिकामा धेरै कमी-कमजोरी देखिएको छ। सरकारले हतारमा र पर्याप्त संवाद विना यस्तो निर्णय गर्नुभन्दा अन्तर्राष्ट्रिय कम्पनीहरूसँग कूटनीतिक संवाद र छलफल बढाउनुपर्ने आवश्यकता थियो। दर्ताका लागि स्पष्ट र पारदर्शी मापदण्डहरू बनाइएको भए कम्पनीहरूलाई पनि सहजीकरण हुने थियो। सरकारले कम्पनीहरूलाई दर्ताको महत्त्व र यसको फाइदा बुझाउन सक्थ्यो, जसले गर्दा यसरी बन्द गर्नुपर्ने अवस्था आउने थिएन।

नेपाल जस्तो विकासशील देशमा सामाजिक सञ्जाल पूर्ण रूपमा बन्द गर्नुभन्दा यसलाई नियमन र व्यवस्थापन गर्ने अन्य विकल्पहरूमा ध्यान दिनुपर्थ्यो। जस्तै, आपत्तिजनक सामग्रीलाई हटाउने, गलत सूचनाको पहिचान गर्ने र साइबर अपराधमा संलग्न व्यक्तिहरूलाई कारबाही गर्ने संयन्त्र बलियो बनाउन सकिन्थ्यो। यसका लागि सरकारले नागरिक समाज, प्राविधिक विज्ञ र सरोकारवालासँगको छलफलमा आधारित नीति बनाउनुपर्ने देखिन्छ। अभिव्यक्ति स्वतन्त्रता र सूचनाको पहुँचलाई सीमित नगरी सामाजिक सञ्जालको दुरुपयोग नियन्त्रण गर्न सकिन्छ। अहिलेको परिस्थितिमा सरकारले आफ्नो निर्णय पुनर्विचार गरी विदेशी कम्पनीहरूसँग संवाद र कूटनीतिक पहल बढाउनु आवश्यक छ।

अन्त्यमा, संसार प्रविधि र डिजिटल रूपान्तरणको युगमा तीव्र गतिले अगाडि बढिरहेको बेला नेपाल भने उल्टो बाटोमा हिडेको देखिन्छ। जहाँ अन्य देशहरूले आफ्नो आर्थिक विकास र नागरिकको जीवन स्तर सुधार गर्न सामाजिक सञ्जाललाई एउटा औजारको रूपमा प्रयोग गरिरहेका छन्, त्यहाँ नेपालले भने यसलाई बन्द गर्ने निर्णय लिएको छ। यो कदमले देशलाई डिजिटल विश्वबाट एक्ल्याउने जोखिम बढेको छ। सामाजिक सञ्जालमा हुने दुरुपयोगलाई नियन्त्रण गर्न आवश्यक छ तर त्यसका लागि सञ्चारको मूल माध्यमलाई नै प्रतिबन्ध लगाउनु बुद्धिमानी कदम होइन। सरकारले आफ्नो निर्णयलाई पुनर्विचार गर्नुपर्छ र नियमनको नाममा नागरिकको अधिकार र देशको प्रगतिलाई नै खतरामा पार्नु हुँदैन। अहिलेको आवश्यकता भनेको सामाजिक सञ्जाललाई पूर्णरूपमा बन्द गर्नुभन्दा त्यसको सही प्रयोगका लागि उपयुक्त कानुन र नीतिहरू बनाउनु हो।

# घडेरीमा गरिएको लगानी र सन्तानको भविष्य



तुल्सीराम पाण्डे

वि.स.२०५०/०५२ सालसम्म लहलह खेती देखिने तराईका नगरपालिका वरपर र राजमार्ग छेउछाउमा २०८०/०८१ मा हेर्दा व्यापक रुपमा प्लटिङ्ग भएको देखिन्छ। प्लटिङ्गका घडेरीहरुमा आफ्नो हैसियतअनुसारका पक्की र आधुनिक घरहरु बनेका छन्। वैदेशिक रोजगारीबाट आएको पैसाले नै नेपालीहरुको जीवनस्तर बदलिएको छ।

विदेशबाट पैसा आउनथालेपछि २०६०/६२ सालसम्म पहाडमा भएका मानिसहरुले टिनले घर छाउने, ऋण तिर्ने र केही लहना लाउने गर्दथे। तराईमा पनि खेत किन्ने र नयाँ घर बनाउने गर्दथे। त्यसबेला देशमा सशस्त्र युद्ध चलिरहेको हुनाले पहाड र तराईको जग्गा किनबेच भएको थिएन। नगरपालिकाको जग्गा टुक्रा पारेर घडेरीको रुपमा किनबेच गर्ने चलन थियो। केही पैसा हातमा हुने मानिसहरुले पैसा घरमा राखेमा चोरी हुने डर, लहना लगाए उठाउन नसकिने डर, बैङ्कमा राखे ब्याज नआउने डरले घडेरी किनेर राख्न थाले। घडेरीमा लगानी गरेपछि आवश्यकता परेको समयमा बेच्न सकिने र नाफा पनि हुने हुनाले सुरक्षित मानियो। २०६३ सालमा लोकतन्त्र आएपछि आर्थिक सम्भावना भएका पहाड र तराईका अन्य ठाउँमा पनि व्यापक रुपमा जग्गाको प्लटिङ्ग गरेर घडेरी बनाउने र किनबेच गर्ने काम चलिरह्यो। यो काम २०७७ सालमा कोरोना रोग आएपछि मात्र रोकियो।

सामान्य मूल्याङ्कनमा ०५५/०५६ सालमा २/३ लाखमा ठिक्कको घडेरी आउँथ्यो। प्लटिङ्मा १० धुर, नगरपालिकामा १३ हात। त्यस्तै घडेरीलाई ६० सालमा ५/६ लाख, ०६५ सालमा ९/१० लाख २०७० सालमा २०/२५ लाख, ०७५ सालमा ३०/४० लाख सम्ममा कारोबार भयो। बजार बसेका ठाउँमा महत्व हेरेर ५० लाखदेखि ३ र ४ करोडसम्ममा कारोबार भयो। नगरपालिकाभित्रको जग्गा छोइनसक्नु भाउ बढेपछि बजारभन्दा टाढा र राजमार्ग छेउछेउमा प्लटिङ्ग गर्ने र आधा वा त्योभन्दा सस्तोमा किनबेच भयो। बजारभन्दा बाहिरको प्लटिङ्ले थोरै कमाई भएका मानिसहरुलाई रमाइलोमा बस्ने वातावरण बन्यो।

२०८०/०८१ को सरदर मूल्याङ्कनमा सस्तोमा १० लाख देखि ३० लाख र महँगोमा ३० लाख देखि १ करोडसम्मका घडेरीहरु किनबेच भएका देखिन्छन्। खाडी क्षेत्रमा जानेले ५/६ वर्षको कमाइ एउटा घडेरीमा राखेका छन्। केहीले २/३ वटा घडेरी जोडेका छन् भने केहीले घर बनाउने र अरु घरायसी खर्च गरेका छन्। तराईमा वा बजारमा घर बनाए पछि पहाडको जग्गा बाँझो छोडेर तराई झरे। धेरै जसोले घरमा पनि चाँपी लाएर छाडे। धेरै भाइ हुनेहरुले अंश लिएर सस्तोमा बेचे। धेरै मानिसको १०/१५ वर्षको कमाइ एउटा घर बनाउँदा गयो। बस्नलाई आफ्नो घर भए पनि अरु खर्च अझ धेरै हुन्छ। हातमा पैसा हुँदा केही आवश्यकता र केही देखासिकीअनुसार खर्च गर्नु पर्दछ।

देशमा रोजगारीको अवसर नभएको हुनाले घर खर्च चलाउन सकी नसकी विदेशै जानुपर्ने बाध्यता छ। धेरैको घरमा मोटरसाइकल वा स्कुटर छ। केहीले कार किन्न सक्छन्। बच्चाहरुले निजी विद्यालयमा पढ्छन्। घरमा वाइफाइ छ, सबैको हातमा मोबाइल छ। राम्रो लगाउने, मिठो खाने, सुख काट्ने बानी लागेको छ। बिरामी भएमा उपचार गर्नु पर्दछ। घर नजिकै पाइने सानोतिनो काम गरेमा इज्जत जान्छ। आधुनिक सुविधामा हुर्केका बच्चाहरु पनि बाँच्नको लागि विदेश नै जानुपर्छ भन्ने मानसिकताको विकास भएको छ। एक डेढ करोडको घरमा बसे पनि खाने गास छैन।

२०७७ सालमा कोरोना लागेपछि व्यापारका सबै क्षेत्रहरुमा मन्दी आउन थाल्यो। कमाइ कम भएपछि खर्च गर्ने क्षमता घट्यो। बिस्तारै घडेरीहरुको भाउ पनि घट्दै गयो। २०८०/०८१ सम्म आइपुग्दा वार्षिक १५ देखि २० प्रतिशतका दरले जग्गाको भाउ घटेको छ। ऋण लिएर कारोबार गरेका मानिसहरु र छोराछोरीलाई विदेशमा खर्च पठाउनु पर्ने मानिसहरुले कोरोना नलाग्दै १० लाख पर्ने घडेरीलाई ०८०/०८१ मा ३ लाखमा बेचे। बुटवल क्षेत्रमा एक जनाले कोरोना नलाग्दै १ करोड ६० लाख दिँदा नदिएको घरलाई ०८१ सालमा ६५ लाखमा बेचे। त्यसको धेरै ठाउँमा चर्चा भयो। बैङ्कले लिलामीको सूचना निकालेको हुनाले लिलामीबाट बच्न त्यसो गरेका रहेछन्। लिलाम भएमा कालो सूचीमा परिने र छोरा नातिले समेत बैङ्कबाट कुनै कारोबार गर्न नपाउने रहेछन्। आफूले घाटा खाएर छोरानातिको बाटो फुकाइ दिएछन्।

कोरोनापछि आएको मन्दीले मानिसको सबै व्यवहारमा परिर्वतन आएको छ। धेरै मानिसहरु आफूले किनेकै मूल्यमा घडेरी बेच्न ग्राहक खोज्दै हिँडेका छन्। किन्नेहरु फाट्टफुट्ट मात्र भेटिन्छन्। केही मानिसका एउटा मात्र छोरा भए पनि विदेशको पि.आर.लिएका छन्। केहीले यहाँको सम्पत्ती सस्तोमा बेचेर विदेश लागेका छन्। यहाँ बस्ने एउटा छोरालाई बाउकै घडेरीले भयो। बिजुली र बाटो सबै गाउँमा पुगेको हुनाले धेरैले आफ्नै जग्गामा घर बनाउन थाले। घडेरी किन्ने पैसाले अन्य कारोबार गर्न पाए। धेरै छोरा पाउने चलन पनि हरायो।

वि.स. २०८०/०८१ सम्म भएको विकास २०६० सालमा भएको भए पहाडका मानिसहरु एउटा घर र घडेरीको भरमा तराई र शहरमा सर्ने थिएनन्। आफ्नो जग्गामा घर बनाउन पाएको भए सबैको हातमा नगद रहन्थ्यो। त्यो नगदलाई आम्दानीको स्रोतको रुपमा प्रयोग गर्न मिल्थ्यो। जनताले गर्ने उत्पादनलाई राज्य संयन्त्रबाट व्यवस्थापन गरिदिएमा सबैसँग रोजगार र सबैको घरमा कार हुने थियो। सबैका सन्तानले नेपालमै संघर्ष गरेर देशको र आफ्नो सुनौलो भविष्य निर्माण गर्ने थिए।

# भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्धन कार्यक्रम सम्पन्न

गैंडहवा। रुपन्देहीको गैंडहवा गाउँपालिकामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलको आयोजनामा भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्धनसम्बन्धी स्थानीय तहस्तरीय अन्तरक्रिया कार्यक्रम भदौ २० गते शुक्रबार सम्पन्न भएको छ। कार्यक्रम कार्यालय प्रमुख सह-सचिव विनिता भट्टराईको अध्यक्षता तथा गाउँपालिका अध्यक्ष सुरेन्द्र पौडेलको प्रमुख आतिथ्यतामा भएको थियो।

कार्यक्रमको सञ्चालन सहजकर्ता उमेशलाल श्रेष्ठले गरेका थिए। कार्यक्रममा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, विभिन्न वडा अध्यक्षहरू, शिक्षक, स्थानीयवासी, निर्माण व्यवसायी र सञ्चारकर्मीहरूको बाक्लो सहभागिता रहेको थियो।

कार्यक्रमको मुख्य अंशमा आयोगका प्रहरी नायब उपरीक्षक प्रताप पौडेलले प्रस्तुति दिएका थिए। उनले भ्रष्टाचार भनेको के हो, किन हुन्छ र यसलाई किन नियन्त्रण गर्नु आवश्यक छ भन्ने विषयमा विस्तृत व्याख्या गरे। उनले भने-"भ्रष्टाचार केवल व्यक्तिगत स्वार्थको समस्या मात्र होइन, यो समाज, प्रशासन र देशको विकासका लागि ठूलो बाधक हो। यसले सार्वजनिक स्रोतको दुरुपयोग, जनसुविधामा ढिलाइ र विश्वासमा कमी ल्याउँछ।"

प्रताप पौडेलले आयोगको संवैधानिक र कानुनी अधिकारसम्बन्धी विस्तृत जानकारी दिँदै उजुरी दिने तरिका, उजुरीको प्रारम्भिक छानबिन प्रक्रिया, आवश्यक प्रमाण संकलन, अनुसन्धानको कदम-दर-कदम विवरण र निष्पक्ष निर्णय सुनिश्चित गर्ने प्रक्रिया प्रस्तुत गरेका थिए।

उनले भने-"सुशासनको अर्थ केवल नियम-कानुनको पालन गर्नु मात्र होइन। यसले सार्वजनिक स्रोतको सदुपयोग, जिम्मेवार प्रशासन, पारदर्शी सेवा प्रवाह र नागरिकको सक्रिय सहभागिता सुनिश्चित गर्दछ।"

सो प्रस्तुति पश्चात् खुला छलफल तथा जिज्ञासाको लागि समय छुट्याइएको थियो। सो क्रममा वडा अध्यक्षहरू, शिक्षक, स्थानीयवासी, निर्माण व्यवसायी र सञ्चारकर्मीहरूले विभिन्न प्रश्न उठाएका थिए। सहभागीहरूले मुख्यतः जनताको गुनासो, सेवा प्रवाहमा ढिलाइ, मल-सारको अभाव, विकास योजना कार्यान्वयनमा देखिएका कमजोरी र उच्च पदस्थ व्यक्तिहरूको ढाकछोप प्रवृत्तिप्रति असन्तोष व्यक्त गरेका थिए।

सूर्यपूरा माध्यमिक विद्यालयका प्रधानाध्यापक रामजी आचार्यले शिक्षामा देखिएका चुनौती र सुधारका आवश्यकताबारे लामो मन्तव्य दिँदै भने-"आजको शिक्षा केवल पाठ्यपुस्तकमा सीमित छैन, यसले जिम्मेवार, पारदर्शी र उत्तरदायी नागरिक उत्पादन गर्नुपर्छ। तर शिक्षा क्षेत्रमा राजनीति हावी हुनु, योजना निर्माणमा प्रभावशाली वर्गको दबाब हुनु, र कार्यक्रम पारदर्शी नहुनु समग्र सुशासनको अभ्यासमा बाधा पुर्‍याएको छ।"

प्रमुख प्रशासकीय अधिकृत रोमनाथ न्यौपानेले मन्तव्य दिँदै गाउँपालिकाले सुशासन प्रवर्धनलाई मुख्य एजेण्डा बनाएको बताए। हाम्रो प्रयास योजना छनोटदेखि कार्यान्वयनसम्म पारदर्शिता, जवाफदेहिता र छरितोपनामा केन्द्रित छ। उनले भने-"सार्वजनिक स्रोत र योजना कार्यान्वयनमा पारदर्शिता कायम गर्न हामी निरन्तर काम गरिरहेका छौं। नागरिकको सहभागिता, सुझाव र गुनासोलाई समावेश गर्दै गाउँपालिकाको नीति र कार्य प्रणाली सुधार्दै अघि बढ्नुपर्छ। सुशासन केवल सरकारी निकायको जिम्मेवारी होइन, प्रत्येक जनप्रतिनिधि, कर्मचारी र नागरिकको साझा प्रतिबद्धता हो।"

उक्त कार्यक्रमका प्रमुख अतिथि तथा गाउँपालिका अध्यक्ष सुरेन्द्र पौडेलले जनप्रतिनिधिहरू जनताको सेवक भएको स्मरण गराउँदै गुनासा र सुझावलाई समाधानमा रूपान्तरण गर्नुपर्ने बताए। उनले विशेष गरी मल-सारको अभाव, विकास योजनामा देखिएका कमजोरी र सेवा प्रवाहमा ढिलाइबारे जनताले उठाएका प्रश्नहरूको जवाफ दिँदै तत्कालीन समाधानका लागि पहल गर्ने प्रतिबद्धता जनाए।

कार्यक्रमको अध्यक्ष तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलको प्रमुख सह-सचिव विनिता भट्टराईले सरोकारवालाहरूको प्रश्नहरूको जवाफ दिँदै भने-"अख्तियारले कुनै पनि व्यक्तिको पद वा हैसियतलाई नहेरी तथ्य-प्रमाणका आधारमा अनुसन्धान अघि बढाउँछ। भ्रष्टाचारविरुद्धको लडाइँ केवल अख्तियारको दायित्व होइन, सम्पूर्ण नागरिकको साझा जिम्मेवारी हो। हामीले गर्ने प्रत्येक काम पारदर्शी र ईमानदार हुनुपर्छ।"


**Buddhabhumi Municipality**
**Office of Municipal Executive**
**Hanumanchowk, Buddhi Kapilvastu**
**Lumbini Province**

## Invitation for Electronic Bids

**Date of First publication: 7th Sept., 2025**

1.The Buddhabhumi Municipality, Office of the Municipal Executive, Hanumanchowk, Buddhi Kapilvastu invites electronic bids from eligible and qualified registered bidders for the procurement of following works under NCB Single Stage Double Envelope Bidding Procedure. The bidders can visit the PPMO website for the brief description with Public entity name: Buddhabhumi Municipality Office, Kapilbastu.

| S. N. | Contract ID | Name of Projects | Bid validity period/Bid security validity | Bid Security (NRs.) Amount | Account No.For Bid Security | Bid Doc fee | Account No.For Bid Doc fee. |
|---|---|---|---|---|---|---|---|
| 1 | 1/BM/ RD/ 2082/83 | Tikkar -Budhhi - Bijgauri sadak khanda (Ga),Tikkar -Budhhi -Bijgauri sadak (khanda 1) and Tikkar -Budhhi -Bijgauri sadak nirman (khanda 2) | 90/120 days | 21,58,000.00 | NMB Bank Ltd. GORUSINGE BRANCH , Sthaniya Taha Dharauti Khata ,0440055997600041 | 5000.00 | NMB Bank Ltd. GORUSINGE BRANCH, GA-1 1 AantarikRajeshwa Khata 0440055997600012 |
| | Minimum Average Annual Construction Turnover of the best 3 yearswithin the last 10 years : NRs 12,95,00,000.00 | | | | | | |
| | Minimum Work experience of similar size and nature: At least one road project that have been successfully or substantially completed and that is similar to the proposed works of value at least NRs.3,46,00,000.00 | | | | | | |
| 1 | 2/BM/ RD/ 2082/83 | Bhelai-Purena- Gorusinghe- Bakdariya Sadak Kalopatre | 90/120 days | 5,47,000.00 | NMB Bank Ltd. GORUSINGE BRANCH , Sthaniya Taha Dharauti Khata ,0440055997600041 | 5000.00 | NMB Bank Ltd. GORUSINGE BRANCH, GA-1 1 Aantarik Rajeshwa Khata 0440055997600012 |
| | Minimum Average Annual Construction Turnover of the best 3 yearswithin the last 10 years : NRs 3,29,00,000.00 | | | | | | |
| | Minimum Work experience of similar size and nature: At least one road project that have been successfully or substantially completed and that is similar to the proposed works of value at least NRs.87,52,000.00 | | | | | | |

2. Pre-bid meeting shall be held at Buddhabhumi Municipality, Office of the Municipal Executive, Hanumanchowk, Buddhi Kapilvastu on 24th sept. at 2:00 PM.
3. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 ,7thOct.,2025 .Bids received after this deadline will be rejected.
4. Bid opening date and time 7thOct. 2025, 1:00Pm
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission

**Chief Administrative Officer**

# धनवर्षा सहकारीले मनायो १५औं वार्षिकोत्सव




बुटवल । धनवर्षा सहकारी संस्था लिमिटेड बुटवल-२ को १५औं वार्षिकोत्सव विशेष कार्यक्रमका साथ सम्पन्न भएको छ । कार्यक्रममा प्रमुख अतिथि बुटवल उप-महानगरपालिका प्रमुख खेलराज पाण्डेयले सहकारीको भूमिका, आवश्यकता र यसको पारदर्शी अभ्यासबारे महत्वपूर्ण विचार प्रस्तुत गरेका थिए ।

उनले सहकारीलाई गलत भन्नु गलत धारणा भएको उल्लेख गर्दै बचत रकमलाई उचित तरिकाले परिचालन गर्ने सहकारी मात्र टिकाउ र सफल हुने बताए । "धनवर्षा सहकारीले आफ्नो क्षमता र दक्षता प्रमाणित गरिसकेको छ । राम्रो नियतका साथ सञ्चालन गरिने सहकारीहरूले समाजलाई सकारात्मक सन्देश दिने गरेका छन् ।"- प्रमुख पाण्डेयले भने । उनले बुटवलमा दर्ता भएका १३४ सहकारी संस्थाहरूको अनुगमन, मूल्याङ्कन र समस्यामा समाधान गर्ने विषयमा नगरपालिका सदैव उत्तरदायी रहने जनाए । साथै महिलालाई उद्यमशील बनाउन नगरपालिकाले सञ्चालन गर्दै आएको विभिन्न तालिममा सहभागी हुन पनि उनले सुझाव दिए ।

वार्षिकोत्सवका अवसरमा संस्थापक अध्यक्ष भोजबहादुर बुढाठोकी, पूर्व अध्यक्ष केवलप्रसाद यादव, बुटवल अटो इञ्जिनियरिङ एशोसिएसनका उपाध्यक्ष ध्रुव भुसाल, आवाज सहकारीका जीवन अधिकारी, फूलबारी सहकारीका चन्द्रमणी भण्डारी, शेयर सदस्य मदन रावल, स्वास्थ्य सल्लाहकार इन्द्र राईलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रम सहकारीका अध्यक्ष राधाकृष्ण देउजाको अध्यक्षतामा सम्पन्न भएको हो । कार्यक्रममा उपाध्यक्ष रमेश गुरुङले स्वागत मन्तव्य राखेका थिए भने सचिव खिमनारायण आचार्यले सञ्चालन गरेका थिए । सो अवसरमा लेखा सुपरिवेक्षण समिति संयोजक नमराज सुवेदीले सहकारीको वार्षिक लेखा प्रतिवेदन प्रस्तुत गरेका थिए ।

धनवर्षा सहकारीमा हाल १३१७ जना शेयर सदस्य छन् । संस्थाले २ करोड ४९ लाख ५७ हजार रुपैयाँ बराबरको शेयर पुँजी संकलन गरेको छ । साथै १ करोड २ लाख रुपैयाँ जगेडा कोषमा रहेको छ भने २१ करोड ७६ हजार रुपैयाँ बचत संकलन गरिएको छ । सहकारीले २१ करोड २९ लाख रुपैयाँ ऋण लगानी गरेको र हाल कुल सम्पत्ति २६ करोड ५ लाख रुपैयाँ पुगेको प्रतिवेदनमा उल्लेख छ ।

वार्षिकोत्सवकै अवसरमा ७० वर्ष नाघेका जेष्ठ नागरिक, असल कारोबारी, उदाहरणीय बचतकर्ता र प्लस टु उत्तीर्ण विद्यार्थीलाई विशेष सम्मान गरिएको थियो । साथै, सदस्यहरूलाई प्रोत्साहित गर्ने उद्देश्यले उनीहरूले उत्पादन गरेका सामग्रीहरू प्रदर्शनीका लागि स्टलमार्फत् प्रस्तुत गरिएको थियो । कार्यक्रमकै क्रममा बुटवल हस्पिटल प्रालिको सहकार्यमा निःशुल्क स्वास्थ्य परीक्षणको व्यवस्था गरिएको जानकारी व्यवस्थापक रचना पन्थले दिइन् ।

# लुम्बिनी सहकारीको अध्यक्षमा श्रेष्ठ

बुटवल । लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेड बुटवलको एकाइ प्रतिनिधिहरुको प्रतिनिधिमूलक २८औं वार्षिक साधारणसभा तथा सातौं निर्वाचन शनिबार सम्पन्न भएको छ । सातौं निर्वाचनबाट त्रिविक्रम श्रेष्ठको अध्यक्षतामा नयाँ नेतृत्व चयन भएको छ । जसको उपाध्यक्षमा मुक्तिप्रसाद श्रेष्ठ, सचिवमा उमा राना, कोषाध्यक्षमा सुजिता सैंजू शेरचन चयन भएका छन् ।

यस्तै सञ्चालक सदस्यहरुमा अर्जुनमान सैंजू, अमूल्यमान थैव, विजयराज बस्याल लक्ष्मी श्रेष्ठ र रञ्जना श्रेष्ठ चयन भएको निर्वाचन संयोजक बुटवल उप-महानगरपलिकाका सहकारी विभाग प्रमुख गुणाकर खनालले जानकारी दिए । संस्थाको लेखा सुपरिवेक्षण समिति संयोजकमा सुमोदमान सैंजू तथा सदस्यमा अमना कुमारी बुढा, अक्षयकुमार श्रेष्ठ रहेका छन् ।

साधारणसभा तथा निर्वाचनको उद्घाटन गर्दै राष्ट्रिय सहकारी महासंघका लेखा समिति संयोजक तथा जिल्ला सहकारी संघ रुपन्देहीका अध्यक्ष भिमप्रसाद तुलाचनले सहकारी संस्थाहरुले उत्पादनमूलक क्षेत्रमा लगानी गरी आर्थिक समृद्धिसँग जोडिनुपर्ने धारणा राखे । संस्थाका अध्यक्ष महेश्वरप्रसाद श्रेष्ठले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थाले अघिसारेका आगामी योजनाहरुबारे जानकारी गराए ।

कार्यक्रममा निर्वाचन सदस्य जिल्ला सहकारी संघका सहायक व्यवस्थापक भूपराज भट्टराई, गायत्री परियार, पूर्व सञ्चालक अमृतलाल श्रेष्ठ, पूर्व सञ्चालक रामेश्वरप्रसाद श्रेष्ठलगायतले आआफ्नो भनाइ राखेका थिए ।

कार्यक्रममा कोषाध्यक्ष उमा रानाले पेश गरेका सम्पूर्ण प्रस्तावहरु पारित गरिएको छ । कार्यक्रममा सञ्चालक सदस्य सुजिता शेरचनको स्वागत, उपाध्यक्ष कर्णकुमार हयोजूको धन्यवाद ज्ञापन तथा संस्थाका व्यवस्थापक विनोदप्रताप जबराको सञ्चालनमा सम्पन्न भएको थियो ।

# Devchuli Municipality
## Office of Municipal Executive
Pragatinagar, Nawalparasi (East)

## Invitation for Bids

First Date Of Publication:- 2082/05/22 (2025-09-07)

Devchuli Municipality Invites Open Competitive Bidding Form Eligible bidders for the Construction Works given in table below under competitive Bidding procedures.

| s.n | Contract Identification no. | Description of works | Estimated Amount With Vat And PS | Bid Security Amount (Nrs.) | Bid Document Purchase Amount (Nrs.) |
|---|---|---|---|---|---|
| 1 | 01/WORKS/ NCB/DEV/ 082/083 | Construction Of Pargatinagar HealthPost Devchuli-11 | 63,45,118.93 | 1,50,000.00 | 3000.00 |

| | |
|---|---|
| Deadline for Bid Submission, Opening, Pre-Bid Meeting Date Time And Location, | 2082/ 06/21(7th Oct 2025 ) till 12:00 Noon, 2082/ 06/21(7th Oct 2025 ) 13:00 at Office Premises,26 sept 2025 on 14:00 PM (2082/06/10). |
| Account Details for Bid Document & Bid Security Deposit. | Name of the bank: NIC ASIA BANK, Office:Devchuli Municipality, Daldale nawalparasi(East)Office Account Number: 0772050029165002 Account Name:-GA 1.1 – ANTARIK RAJASHWA KHATA -DEVCHULI NAGARPALIKA. Office:Devchuli Municipality, Daldale nawalparasi(East) Account Name:-GA 3 – DHARAUTI KHATA -DEVCHULI NAGARPALIKA.Office Account Number: 0772050029165007. |

1. Bidders can download the bidding documents and submit their bids electronically through e-procurement section under PPMO's website: http://bolpatra.gov.np,as specified in the bidding data sheet for provision of e-Bidding.The bidders must submit the bid through electronic bidding only.Bidding through hard copies shall not be accepted.
2. Eligible Bidders May obtain further information at Devchuli municipality office,Nawalparasi Bardaghat susta purba.(mob.9856061393)
3. Matters not Covered Above shall be as per the latest amendment of public procurement Act and its Regulation.

**Chief Administrative Officer**

# सन्दुक सहकारीले मनायो १५औं साधारणसभा




बुटवल । सन्दुक बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । शनिबार एक समारोहका बिच सहकारीले साधारण सभा मनाएको हो ।

कार्यक्रममा बोल्दै जिल्ला बचत संघ रूपन्देहीका अध्यक्ष बसन्त ढकालले साधारणसभा भनेको सहकारीको पर्व भएको उल्लेख गरे । उनले सन्दुकले उद्यमशीलतालाई प्राथमिकतामा राख्दै महिलाहरूलाई समेत उपस्थिति र नेतृत्वमा समान सहभागिता दिएकोमा खुसी लागेको विचार व्यक्त गरे ।

उनले स्थानीय सहकारीको अनुगमनको पाटो फितलो भएको समेत उल्लेख गरे । सहकारी अनुगमन नहुँदा सहकारीमा बेथिति मौलाएको भन्दै सेयर सदस्यहरूले आफ्नो सहकारीको बारेमा बुझ्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा बुटवल उप-महानगरपालिका कार्यपालिका सदस्य सुनिता खडलुकले सहकारीहरूको बारेमा पछिल्लो समय राम्राभन्दा नराम्रा खबरहरु सुन्नुपरेको गुनासो गरिन् । उनले ऋण लगानीलगायतका विषयमा ध्यान दिएमा सहकारी कमजोर नभन्ने दोहोराइन ।

कार्यक्रममा पूर्व अध्यक्ष एवं सल्लाहकार मनोज गौचनले युवा समूहले सञ्चालन गरेको सहकारीमा जेष्ठ नागरिकहरूले पनि विश्वास गरिरहेको बताउँदै सहकारीले अनुशासित भएर कार्य गर्दै आएको दाबी गरे ।

सहज सहकारीका उपाध्यक्ष कमलप्रताप भुसालले सहकारीले उद्धमशीलतालाई प्राथमिकतामा राखेको कुराले आफूलाई खुसी दिलाएको उल्लेख गरे ।

सहकारीका अध्यक्ष सोमबहादुर खातीको अध्यक्षता सचिव मोहनकुमार पाण्डेको सञ्चालनमा सम्पन्न भएको थियो ।

कार्यक्रममा कोषाध्यक्ष अर्जुन गिरीले आर्थिक प्रतिवेदन तथा लेखा समिति संयोजक सागर भुसालले लेखा परीक्षण समितिको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

सो अवसरमा जेष्ठ सेयर सदस्य दुईजना तथा प्लस टुमा उत्कृष्ट जीपीए ल्याउने सेयर सदस्यका छोराछोरीलाई सम्मान गरिएको थियो ।

३१७ महिला र २६३ पुरुष गरी ५८० जना सेयर सदस्य रहेको सहकारीको कुल सेयर पुँजी ७६ लाख रहेको छ । सहकारीमा बचत निक्षेप ३ करोड ७९ लाख ३८ हजार रहेको छ भने ऋण लगानी ३ करोड ३५ लाख रहेको छ ।

सहकारीले सेयर सदस्यको घरमा मानवीय क्षति भएमा रु ५० हजारसम्म ३ महिनाका लागि बिना ब्याज लगानी गर्दै आएको तथा सेयर सदस्यको मृत्यु भएमा क्रिया खर्च बापत रु २०,००० प्रदान गर्दै आएको जनाएको छ । सहकारीले सदस्यहरूको रु २ लाख बराबरको बीमा गर्दै आएको छ ।

# Madhyabindu Municipality
# Madhyabindu Municipal Hospital
Madhyabindu-7, Nawalparasi East
Gandaki Province, Nepal

## Invitation for Electronic Bids

**Procurement of Surgical Items**

IFB No: MMH/G/NCB/3/2082/83

**Date of Publication: 7th Sep, 2025 (22 Bhadra, 2082)**

1. The Madhyabindu Municipality, Madhyabindu Municipal Hospital invites electronic bids from eligible bidders for the Procurement of Surgical Items procedures as specified in Public Procurement Act and Regulations.

| S.N. | IFB No. (Package Name) | Bid Security (Amount in NPR.) | Bid Document Fee (NPR.) | Bid Security Validity Date |
|---|---|---|---|---|
| 1 | MMH/G/NCB/3.1/2082/83 (GENERAL SURGICAL ITEMS) | 1,20,000.00 | 3,000 | 3rd Feb, 2026 (20 Magh, 2082) |
| 2 | MMH/G/NCB/3.2/2082/83 (LAB SURGICAL ITEMS) | 35,000.00 | 3,000 | |

2. Bidder shall Purchase their bid electronically from www.bolpatra.gov.np/egp, Bidders should deposit the cost of bidding document as mentioned on above table for the following Rajaswa (Revenue) Account as specified below.
   Name of the Bank: **Nepal Bank Ltd.**
   Name of the Office: **Madhyabindu Nagar Aspatal**
   Account No.: **31800107578503000001**
   Office Code No.: **4080707**
   Revenue Head No.: **14229**
3. Last Date for Bid Submission: 7th Oct, 2025 (21 Ashoj, 2082) 15:00 hours.
4. Bid Opening Date: 7th Oct, 2025 (21 Ashoj, 2082) 15:30 hours.
5. Bid shall be evaluated on package-wise basis and bidders should must fill the unit rate of all the items in the package.

# ५५ लाखको सुन्तलाका बिरुवा बिक्री

स्याङ्जा । मुक्तिनाथ कृषि कम्पनीले ५५ लाख बराबरको सुन्तलाका बिरुवा बिक्री गरेको छ । स्याङ्जाको आँधीखोला गाउँपालिका-६ फापरथुममा अनुसन्धान तथा नर्सरी केन्द्र (फर्म) बनाएको कम्पनीले आर्थिक वर्ष २०८१/०८२ मा झण्डै ५५ लाखका २५ हजार सुन्तलाको बिरुवा बिक्री गरेको हो ।

फर्मबाट सुन्तलाका प्रतिबिरुवा करिब २२० रुपैयाँमा बिक्री वितरण गर्दै आएको कम्पनीले पछिल्लो ३ वर्षदेखि व्यावसायिक रुपमा सुन्तलाजन्य बिरुवा उत्पादन गर्दै आएको छ ।

नर्सरीमा हाल 'स्याङ्जा स्थानीय, खोको स्थानीय र बाँसखर्क स्थानीय' गरी ३ जातका सुन्तला र सुनकागतीका कलमी बिरुवा उत्पादन गर्दै आएको कम्पनीले जनाएको छ ।

मुक्तिनाथ कृषि कम्पनीको फर्ममा तयार कलमी बिरुवा छिटो उत्पादन दिने र गुणस्तरीय रहेको स्थानीय सुन्तला उत्पादक कृषक जितेन्द्र ठकुरीले बताए । सुन्तलाका बिरुवा तयार गरेकै वर्ष लगाएको बोटले उत्पादन दिन थालेको ठकुरीले सुनाए । फर्ममा उत्पादित बिरुवा स्याङ्जाका साथै तनहुँ, पाल्पा, गोर्खा, पर्वत, धरान धनकुटालगायतका जिल्लामा निकासी हुँदै आएको छ ।

कम्पनीले उत्पादन गरेका बिरुवा कृषकबिच लोकप्रिय बनेसँगै फर्मको उत्पादन क्षमता वृद्धि गरिएको कम्पनीका क्षेत्रीय कार्यालय पोखराका प्रमुख नगेन्द्र पौडेलले बताए ।

गत वर्ष २५ हजार बिरुवा उत्पादन गरेको फर्ममा बिक्रीका लागि हाल ६५ हजार सुन्तलाका बिरुवा तयार छन् ।

चालु आर्थिक वर्षभित्र एक लाख बिरुवा उत्पादन गर्ने लक्ष्य राखिएको प्रमुख पौडेलले जानकारी दिए ।

३५ रोपनी जग्गा भाडा लिएर सुन्तला र कागतीका बिरुवा उत्पादन गरिँदै आएको छ ।

जग्गाको अधिकांश भागका टनेल प्लाष्टिकभित्र बिरुवा उत्पादन भएको नर्सरीमा करिब एक दर्जन युवायुवतीले प्रत्यक्ष रोजगार पाएका छन् ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रुपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# राष्ट्रियताको रक्षाका निम्ती मित्र राष्ट्रसँग कूटनीतिक पहल जरूरीः प्रधान



नवलपरासी। नवलपरासी निर्वाचन क्षेत्र नम्बर २ बाट निर्वाचित संघीय सांसद तथा पूर्व मन्त्री ध्रुवबहादुर प्रधानले आफ्नो देशको राष्ट्रियताको संरक्षण गर्न सबै एक भएर लाग्नुपर्ने बताएका छन्।

आफ्नो देशको राष्ट्रियताको रक्षाका निम्ती मित्र राष्ट्रसँग कूटनीतिक पहल गर्न जरुरी भएको सांसद प्रधानको भनाइ थियो। राष्ट्रिय प्रजातन्त्र पार्टी सुनवल नगर कमिटीको दोस्रो अधिवेशनमा उनले उक्त कुरा बताएका हुन्।

नवलपरासी पश्चिममा धेरै महत्वपूर्ण स्थानहरु रहेको बताउँदै प्रधानले जिल्लामा रहेका सीमा विवाद पनि कूटनीतिक माध्यमबाट समाधान गर्दै जानु पर्ने बताए। जनताका तमाम समस्याहरु समाधान हुन नसकेको र नागरिकका समस्या समाधानका लागि आफ्नो पार्टीले शान्तिपूर्ण आन्दोलनमा जानुको विकल्प नभएको उल्लेख गरे। संसदमा एउटा समितिमा बदनाम भएपछि राजीनामा दिएर चोखीने र अर्को समिति हत्याउने प्रवृत्तिका कारण जनतामा राम्रो सन्देश नगएको भन्दै गल्ती र कमजोरी सच्याउनु आवश्यक भएकोमा उनले जोड दिए।

कार्यक्रममा राप्रपाका केन्द्रीय सदस्य देवी पौडेल राप्रपाका केन्द्रीय सदस्य तथा रामग्राम नगरपालिकाकी उप- प्रमुख सम्झना चौधरी, राप्रपाका जिल्ला अध्यक्ष ओमबहादुर सिंहलगायत अधिवेशनमा विभिन्न दलका प्रतिनिधिले शुभ कामना राखेका थिए।

# लमजुङ रूपन्देही एकता समाजको अध्यक्षमा पुनः डा. हटुवाल



भैरहवा। लमजुङ रूपन्देही एकता समाजको अध्यक्षमा पुनः डा. ज्ञानदेव हटुवाल निर्वाचित भएका छन्।

लमजुङ रूपन्देही एकता समाजको भैरहवामा शनिबार सम्पन्न तेस्रो साधारणसभा तथा दोस्रो अधिवेशनले डा. हटुवालको अध्यक्षतामा नौ सदस्यीय समिति निर्विरोध चयन गरेको हो।

समाजको उपाध्यक्षमा हरिराज विष्ट, सचिव पुष्पकुमार घिमिरे, कोषाध्यक्ष गुणनिधि चिलुवाल र सदस्यहरूमा रूपेन्द्र अधिकारी, रामप्रसाद मिश्र, निर्मला शर्मा ज्ञवाली, भगवती शर्मा र दधुप्रसाद न्यौपाने निर्विरोध निर्वाचित भएको निर्वाचन अधिकृत फणिन्द्र पोखरेलले जानकारी दिए।

साधारणसभामा प्रमुख अतिथि राष्ट्रिय योजना आयोगका पूर्व सदस्य डा. अनिता ढुङ्गाना शाहले लमजुङले विभिन्न क्षेत्रमा नेपालमै गौरवपूर्ण योगदान दिएको उल्लेख गर्दै लमजुङबाट रूपन्देही आएकाहरूले पनि उल्लेखनीय योगदान गरेको बताइन्। लमजुङको विविधतालाई चिनाउन रूपन्देहीमा पनि कार्यक्रमहरू आयोजना गर्नुपर्नेमा उनले जोड दिइन्। विशिष्ट अतिथि ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालय भैरहवाका प्रमुख ब्रह्मकुमारी शान्ति सुवेदीले जन्मभूमिभन्दा बाहिर रहेकाहरूमा झन आत्मियता विकास हुने हुँदा आत्मियतालाई विकास गर्दै सहयोगका लागि एकजुट हुनुपर्ने बताइन्।

अर्का विशिष्ट अतिथि गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवाका महाप्रवन्धक प्रतापबाबु तिवारीले आफू जुनसुकै ठाउँमा परिचय दिँदा लम्जुङे भएकोमा गर्व महसुस हुने र हामीहरुले आफ्ना सन्ततीहरुलाई लम्जुङसँग जोडाइ रहन सुझाब दिए।

कार्यक्रममा लमजुङ रूपन्देही एकता समाजका सल्लाहकारहरु भुपाल कुमार श्रेष्ठ, सुशील गुरुङ, रूपन्देही एफ एमका स्टेशन म्यानेजर शङ्करप्रसाद पाण्डेलगायतले शुभकामना दिएका थिए।

साधारण सभामा सचिव पुष्प कुमार घिमिरेले वार्षिक प्रतिवेदन र कोषाध्यक्ष दीपक पौडेलले आर्थिक प्रतिवेदन पेस गरे।

डा. ज्ञानदेव हटुवालको अध्यक्षता,सचिवपुष्प कुमार घिमिरेको सञ्चालनमा सम्पन्न कार्यक्रममा उपाध्यक्ष हरिराज विष्टले स्वागत गरेका थिए।

# ४० युनिट रगत संकलन



बुटवल। स्वस्थ मुख महाअभियान-२०८२/०८३ को अवसरमा नेपाल नियमित रक्तदाता संघ र आधुनिक समाज डेन्टल केयर प्रा.लि.को संयुक्त आयोजनामा शनिबार बुटवल-६ पुष्पलाल पार्कस्थित आधुनिक समाज डेन्टल केयरमा बृहत् रक्तदान कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा ४० युनिट रगत संकलन गरिएको आयोजकले जानकारी दिएका छन्।

सो अवसरमा बुटवल उपमहानगरपालिका-६ का अध्यक्ष लोकनाथ न्यौपानेले नगरपालिकामा दर्ता गरिएका स्वास्थ्यसम्बन्धी अभियान र सेवाहरूलाई दस्ताबेजीकरण गरेर थप प्रभावकारी बनाउनुपर्ने धारणा राखेका थिए। उनले वडास्तरबाट आवश्यक सहयोग उपलब्ध गराउने प्रतिबद्धतासमेत जनाए।

आधुनिक समाज डेन्टल प्रा.लि.का सञ्चालक अमृत भुसालले महाअभियानको १६औं दिनमा आयोजना गरिएको यो कार्यक्रम देशमै पहिलो पटक सञ्चालन गरिएको एक महिनाको लामो मुख स्वास्थ्य महाअभियानको हिस्सा भएको बताए। “खानापछि अनिवार्य ब्रस गरौं, मुख स्वस्थ राखौं भन्ने सन्देशलाई समुदायसम्म पुऱ्याउन अभियान सुरु गरिएको हो।”- उनले भने।

नेपाल नियमित रक्तदाता संघका केन्द्रीय अध्यक्ष दयाबहादुर सिलवालले संघको मासिक नियमित रक्तदान कार्यक्रमलाई निरन्तरता दिँदै आधुनिक समाज डेन्टल केयरसँग सहकार्य गरिएको बताए। संघका महासचिव दीपक अधिकारीका अनुसार, सो अवसरमा प्रा.लि. र संघबिच सेवामा ३० प्रतिशत छुट दिने गरी सम्झौता पनि गरिएको छ।

यस किसिमका अभियानहरूले रक्तसञ्चार सेवामार्फत् उपचाररत बिरामीलाई सहयोग पुग्ने र समाजमा स्वास्थ्य सचेतना बढाउने अपेक्षा आयोजकहरूले व्यक्त गरेका छन्।

# कल्याणकारी सहकारीको २५औं साधारणसभा



बुटवल। बुटवल-८ सुख्खानगरमा रहेको कल्याणकारी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले आफ्नो स्थापनाको २५औं वार्षिक साधारण सभा तथा रजत जयन्ती मनाएको छ। रजत जयन्तीसँगै सहकारीले उत्पादनशील क्षेत्रमा लगानी गर्ने र सदस्यहरुलाई उद्यमशिल बनाउने प्रस्तावलाई पारित गरेको छ।

शनिबार बुटवलमा सम्पन्न कल्याणकारीको साधारण सभाले बहुउद्देश्यीय कार्यअन्तरगत तेल मिल र कुटानी पिसानी मिल संचालनकालागि सेड लगायतका भौतिक पूर्वाधार निर्माण गर्ने र सहकारीलाई उत्पादनक्षेत्रमा क्रियाशिल बनाउने प्रस्तावलाई पारित गरेको अध्यक्ष लक्ष्मण आचार्य क्षेत्रीले बताए।

उनले संस्थाले सामाजिक उत्तरदायित्वअन्तरगतका कार्यक्रमलाई निरन्तरता दिने तथा धितो लगानीको अधिकतम सीमा २५ लाख राखिएको प्रस्तावलाई साधारण सभाले पारित गरेको जानकारी दिए।

यसअघि साधारणसभाको उद्घाटन गर्दै राष्ट्रिय सहकारी महासंघ लेखा सुपरीवेक्षण समितिका संयोजक भिमप्रसाद तुलाचनले सहकारी ऐन सहकारीमैत्रीनै नभएको गुनासो गरे।

उनले सहकारी ऐनलाई सरकारपिच्छे परिवर्तन गर्ने र सोनियमबाट सञ्चालन हुँदै आएका सहकारीहरुलाई सरकारले नियन्त्रण गर्ने कानुन ल्याउँदा सहकारीमा समस्या देखिने गरेको बताए।

उनले सहकारी नीति बदलिदो परिभेषअनुसार हुनु पर्ने उल्लेख गर्दै तीन तहका सरकारको सहकारी नीति फरक भएकाकारण सहकारीमा अन्यौलता सृजना हुने गरेको जनाए।

कल्याणकारीका उपाध्यक्ष ढोलराज पाण्डेको स्वागतमा भएको कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष बसन्त ढकाल, सहकारी संघका महासचिव दामोदर पंगेनी, इन्द्रेणी बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष कृष्णप्रसाद अर्याललगायतले सहकारीहरुलाई सोनियम सञ्चालनको वातावरण सृजना गरिदिनु पर्ने उल्लेख गर्दै पछिल्लो समय विभागले ल्याएको निर्देशन सहकारीमैत्री नभएको टिप्पणी गरेका थिए।

संस्थाका सचिव कृष्णप्रसाद ज्ञवालीको सञ्चालनमा भएको कार्यक्रममा संस्थाका संस्थापक तथा पूर्व अध्यक्ष, कर्मचारी, जेष्ठ सदस्यहरुलाई सम्मान गरिएको थियो।

यस्तै ७० वर्ष पुरा भएका ५ जना शेयर सदस्यहरुलाई जनही ६ हजारका दरले पेन्सन सम्मान गरिएको थियो। एक हजार तीन सय नौ जना शेयर सदस्य रहेको सहकारीको निक्षेप संकलन २४ करोड ९४ लाख, कर्जा लगानी २४ करोड १५ लाख १४ हजार र कुल सम्पती ३१ करोड ७७ लाख २८ हजार रहेको कोषाध्यक्ष टंककुमार खड्काले जानकारी दिए।

# खुद्रा किराना व्यवसायी संघ रूपन्देहीको अध्यक्षमा प्रधान



बुटवल। खुद्रा किराना व्यवसायी संघ रुपन्देहीको १९औं वार्षिक साधारणसभा तथा दशौं अधिवेशन शुक्रबार बुटवलमा सम्पन्न भएको छ।

अधिवेशनले गोपालकुमार प्रधानको अध्यक्षतामा नयाँ नेतृत्व चयन गरेको छ। जसको वरिष्ठ उपाध्यक्षमा ज्ञानप्रसाद न्यौपाने, प्रथम उपाध्यक्षमा राधा भुसाल, द्वीतिय उपाध्यक्षमा टिकाराम शर्मा पौडेल, महासचिवमा यमलाल बेलबासे, सचिवमा कुलचन्द्र गौतम, कोषाध्यक्षमा ईश्वरप्रसाद श्रेष्ठ, सह-सचिवमा बुद्धिसागर पाण्डे, सह-कोषाध्यक्षमा दीपक काफ्ले रहेका छन्।

यस्तैगरी सदस्यहरुमा नारायण खनाल, बिमला गुप्ता, हुमनाथ पोखरेल, दधिराम ज्ञवाली, राजकुमार श्रेष्ठ, पुष्पा पोखरेल, घनश्याम भट्टराई, ध्रमेन्द्र कुमार श्रेष्ठ, विष्णुप्रसाद अधिकारी, नुम हमाल, विष्णुप्रसाद काफ्ले र लक्ष्मी न्यौपाने रहेका छन्।

नव निर्वाचित अध्यक्ष प्रधानले आफूलाई सर्वसम्मत निर्वाचित गराएर नेतृत्व हस्तान्तरण गरेकोमा सम्पूर्ण संघ परिवारलाई धन्यवाद दिँदै खुद्रा किराना व्यवसायीको हकहितमा रहेर निरन्तर लाग्ने प्रतिबद्धता जनाए।

# भैरहवा र बुटवलमा भित्रियो प्रोटोन इभी कार

बुटवल। नेपालमा इलेक्ट्रिक सवारी साधनप्रतिको आकर्षण तीव्र बन्दै गएका बेला प्रोटोन नेपालले अर्को महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ। कम्पनीले शोरुम औपचारिक रूपमा सञ्चालनमा ल्याउनुअघि नै बुटवलमा १० वटा ‘प्रोटोन ई.मास सेभेन’ प्रिमियम इलेक्ट्रिक एसयुभी ग्राहकलाई हस्तान्तरण गरेको हो। ‘टाईम टु ईलेक्ट्री फाई बुटवल’ नारासहित ‘प्रोटोन ई.मास सेभेन’ इलेक्ट्रिक बुटवलमा सार्वजनिक गरिएको छ। बालाजी ई अटोमोबाइल प्रालिले बुटवल र भैरहवामा यो गाडी भित्राएको हो।

डिसेम्बर २०२४ मा मलेसियामा सार्वजनिक भएपछि नेपालमा पनि यसको प्रतीक्षा गरिएको थियो। जगदम्बा मोटर्सले नेपाली बजारमा गाडी भित्राएको हो। कम्पनीका अनुसार प्रोटोन ई.मास सेभेन मा नवीनतम प्रविधि र फाइभ-स्टार सेफ्टी फिचर समावेश छन्।

चाइनामा निर्मित उत्कृष्ट र आकर्षित मोडलको सवारी भएको जगदम्बा मोटर्सका वरिष्ठ उपाध्यक्ष राजु भेतवालले शुक्रबार तिलोत्तमा सार्वजनिक कार्यक्रममा बताए। चारपाग्रे सवारीको अहिलेसम्मकै नया प्रविधि सेल-टु-बडी (सीटीबी) ब्याट्री आर्किटेक्चर र एजिस सर्ट-ब्लेड ब्याट्री प्रविधि ब्याट्रि प्रयोग भएको छ। यसको बडिमा १५ सय मेगापासिकल स्टिल प्रयोग भएको छ। जुन हवाईजहाजमा प्रयोग हुन्छ। यो टस्लाले पनि प्रयोग गरेको छ। अगाडी ईन्जिन नहुँदा पनि यो सुरक्षित हुन्छ। गाडीमा ग्लोबल मोडुलर आर्किटेक्चर (जीएमए) प्लेटफर्म, १२-इन-१ इन्टेलिजेन्ट इलेक्ट्रिक प्रोपल्सन सिस्टम समावेश छन्। १६० किलोवाट मोटर पावर रहेको गाडीमा ३२० एनएम टर्क छ, जसले ६.९ सेकेन्डमा शून्यदेखि १०० किलोमिटर प्रतिघण्टाको गति लिन सक्छ। नेपालमा ४० बढि ब्राण्ड रहेको शंकर ग्रुप हो। जसले सिमेन्ट, जस्ता, अटोमोबाइल, फाइनान्स सर्भिस, हस्पिटालिटी, एफएनसिजी एण्ड स्प्रिड्स, वाईट गुड्स, ईनेर्जी, प्लास्टिक तथा आयल्सलगायत क्षेत्रमा आफ्नो उपस्थिति रहेको उनले बताए। काठमाडौंमा २ सहित पोखरा, बुटवल, नारायणगढ, बिराटनगर, बिर्तामोड, नेपालगंज, धनगढीसहित नेपालका १२ वटा शहरमा उपस्थिति जनाएको छ।

यो इलेक्ट्रिक गाडी प्लाटिनम सिल्भर, टर्क्वाइज ग्रीन, स्लेट ग्रे, क्वाट्र्ज रोज, मोयु ब्ल्याक र लिथियम ह्वाइट गरी ६ विभिन्न रंगमा उपलब्ध छ। प्रोटोन ई.मास सेभेन नेपाली बजारमा प्राइम र प्रिमियम गरी दुई भेरियन्टमा उपलब्ध छ। प्राइम मोडेलले एक पटकको चार्जमा ३४५ किलोमिटर रेञ्ज प्रदान गर्छ भने यसमा ४९.५२ किलोवाट आवरको ब्याट्री रहेको छ। प्रोटोन ई.मास सेभेन को मूल्य प्राइम मोडेलका लागि ५६ लाख ९९ हजार रुपैयाँ र प्रिमियम मोडेलका लागि ६७ लाख ९९ हजार रुपैयाँ तोकिएको छ।

कार्यक्रममा बालाजी ई-अटोमोबाइलका म्यानेजिङ डाईरेक्टर विशाल जयसवालले नयाँ प्रविधिमैत्री गाडीमा नया यात्राको सुरुवात हुने दाबी गरे। मलेसियामा सन १९८० मा उत्पादन भएको प्रोटोन अहिले विश्वकै उत्कृष्ट चारपाग्रे सवारी बन्न सफल भएको उनले बताए।


# Madhyabindu Municipality
# Madhyabindu Municipal Hospital

Madhyabindu-7, Nawalparasi East

Gandaki Province, Nepal

## Invitation for Electronic Bids

**Procurement of Medicine Items**

IFB No: MMH/G/NCB/2/2082/83

**Date of Publication: 7TH Sep, 2025 (22 Bhadra, 2082)**

1. The Madhyabindu Municipality, Madhyabindu Municipal Hospital invites electronic bids from eligible bidders for the Procurement of Medicine Items procedures as specified in Public Procurement Act and Regulations.

| S.N. | IFB No. (PackageName) | Bid Security (Amount in NPR.) | Bid Document Fee (NPR.) | Bid Security Validity Date |
|---|---|---|---|---|
| 1 | MMH/G/NCB/2.1/2082/83 (ANTIMICROBIAL, CARDIAC & ENDOCRINE MEDICINES) | 1,20,000.00 | 3,000 | 3rd Feb, 2026 (20 Magh, 2082) |
| 2 | MMH/G/NCB/2.2/2082/83 (INJECTABLE MEDICINES) | 35,000.00 | 3,000 | |
| 3 | MMH/G/NCB/2.3/2082/83 (OINTMENTS, CREAMS & SYRUPS) | 50,000.00 | 3,000 | |
| 4 | MMH/G/NCB/2.4/2082/83 (GIT, PSYCHIATRIC & MISCELLENEOUS MEDICINES) | 85,000.00 | 3,000 | |

2. Bidder shall Purchase their bid electronically from www.bolpatra.gov.np/egp, Bidders should deposit the cost of bidding document as mentioned on above table for the following Rajaswa (Revenue) Account as specified below.

   Name of the Bank: **Nepal Bank Ltd.**
   Name of the Office: **Madhyabindu Nagar Aspatal**
   Account No.: **3180010757850300001**
   Office Code No.: **4080707**
   Revenue Head No.: **14229**

3. Last Date for Bid Submission:7th Oct, 2025 (21 Ashoj, 2082) 15:00 hours.
4. Bid Opening Date: 7th Oct, 2025 (21 Ashoj, 2082) 15:30 hours.
5. Bid shall be evaluated on package-wise basis and bidders should must fill the unit rate of all the items in the package.


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com